APARA (Kathmandu) (Peer-reviewed Research Journal), Vol. 5, 2025 August ISSN NO. 2382-5138

# रणदुल्लभ एकाङ्कीमा करुण रस

**उपमा आचार्य**
उपप्राध्यापक
पद्मकन्या बहुमुखी क्याम्पस
upamaach@gmail.com

Received: Feb 30, 2025 Revised: May 13, 2025 Accepted: May 22, 2025

लेखसार

प्रस्तुत लेखमा बालकृष्ण समद्वारा लिखित ‘रणदुल्लभ’ एकाङ्कीलाई अध्ययनको विषय बनाइएको छ । पूर्वीय काव्य सिद्धान्तको सबैभन्दा महत्त्वपूर्ण मानिएको रस सिद्धान्तका आधारमा विवेच्य एकाङ्कीको अध्ययन गरिएको छ । देशप्रेम मूलभाव रहेको एकाङ्कीको अध्ययनका क्रममा नवरसमध्ये करुण रसलाई केन्द्रको मूल रूपमा राखी अध्ययन विश्लेषण गरिएको छ । पाठक वा श्रोताले कुनै पनि काव्यकृति पढेर वा सुनेर उसका मनमा उब्जिने भाव वा अनुभूतिलाई रस भनिन्छ । पाठकले अनुभूत गर्ने आनन्दलाई रससामग्रीका आधारमा विश्लेषण गर्ने मान्यता अनुरूप साहित्यको मर्म निःसृत हुन्छ । यस एकाङ्कीमा राजोचित गुणले युक्त माहिला युवराज प्रमुख नायक रणदुल्लभको मृत्युले करुण रस मुख्य वा अङ्गी रसको रूपमा देखिएको छ । अध्ययन विश्लेषणका क्रममा करुण रसको पोषकका रूपमा शान्त, स्नेह, शोक, प्रेम, वात्सल्य आदि रसको समेत उपयोग गरिएको छ । अतिशय पितृभक्त, अतिशय भ्रातृभक्त, अतिशय राष्ट्रभक्त शूरवीर देशभक्त नायकले आत्महत्याबाट मृत्यु वरण गर्नुपर्ने बाध्यात्मक परिस्थितिले पाठकका हृदयमा रहेको शोक स्थायी भाव उद्दीप्त भई करुण रस परिपाकमा पुगेको छ । त्यसैले यस रणदुल्लभ एकाङ्कीमा करुण रस अभिव्यक्त भएको निष्कर्ष निकालिएको छ ।

*शब्दकुञ्जी : अनुभाव, आस्वादन, निःसृत, परिपाक, विभाव*।

## विषयपरिचय

आधुनिक नेपाली साहित्य जगत्का सशक्त प्रतिभा बालकृष्ण सम (वि.सं.१९५९-२०३८) द्वारा लिखित ‘रणदुल्लभ’ एकाङ्की ऐतिहासिक दुःखान्त नाटक हो । पूर्वीय र पश्चिमी साहित्यको गहन अध्ययन गरी नेपाली भाषामा नयाँ स्वाद दिने समले नेपाली नाट्य जगत्मा सर्वप्रथम *मुटुको व्यथा* नाटकबाट आधुनिक कालको सुरुवात गरेका हुन् । तार्किक, बौद्धिक तथा दार्शनिक पक्षको प्रस्तुतिभित्र नेपाली परिवेश अनुरूप नाटक सिर्जना गर्नु समको मौलिक विशेषता हो । साहित्यिक विद्वान्का महत्त्वपूर्ण धारणामा आफ्ना तार्किक विचार समावेश गरी विविध विषयवस्तुका विविध विधामा पूर्वीय र पश्चिमी साहित्यको सम्मिश्रणमा नेपाली मौलिक सिर्जना गर्नु समको अर्को महत्त्वपूर्ण विशेषता हो । सङ्ख्यात्मक र गुणात्मक दुवै रूपले गुणस्तरीय नाटक एकाङ्की रचना गर्ने सम नाट्यजगत्का सर्वोच्च प्रतिभा हुन् । विषयवस्तुका आधारमा सामाजिक, ऐतिहासिक, पौराणिक, स्वैरकाल्पनिक एवम् समापनका दृष्टिले सुखान्त र दुखान्त नाटक तथा

एकाङ्कीहरू सफल मानिन्छ। उनका उत्कृष्ट कृतिहरूमध्ये *मुटुको व्यथा, मुकुन्द इन्दिरा, प्रह्लाद, अन्धवेग, प्रेमपिण्ड, ध्रुव, अमरसिंह, भीमसेनको अन्त्य, मोतिराम, ऊ मरेकी छैन, स्वास्नीमान्छे, भतेर, रणदुल्लभ*जस्ता थुप्रै नाटक तथा एकाङ्कीहरू प्रकाशित छन् ।

समद्वारा लिखित 'रणदुल्लभ' एकाङ्की वि.सं. २०१५ सालमा प्रकाशित ऐतिहासिक विषयवस्तुमा आधारित दुःखान्त एकाङ्की हो । देशप्रेम मूलभाव भएको यस एकाङ्कीका प्रमुख नायक 'रणदुल्लभ' गोरखा राज्यका राजा पृथ्वीपति शाहका माहिला छोरा हुन् । उनले लमजुङले पूर्व सन्धि उल्लङ्घन गरी आफ्नो अधिनमा पारेको लिगलिगकोटलाई कब्जा गर्न सफल भएपछि फर्किने क्रममा बाजागाजासहितको विजयोत्सवबाट एकाङ्कीको सुरुवात भएको छ। गोरखाका अधिपति, मन्त्रीगणलगायत प्रजाका पनि प्यारा, राजोचित गुणले युक्त सूरवीर माहिला अधिराजकुमारले आत्महत्या गर्नुपरेको दुःखदायी घटनाले यस एकाङ्कीलाई करुण रस प्रधान एकाङ्कीका रूपमा उभ्याएको छ । अतिशय राष्ट्रप्रेम, अतिशय पितृभक्ति र अतिशय भ्रातृभक्तिका कारण शूरवीर देशभक्त प्रमुख नायकको मृत्युले करुण रसको सिर्जना गरी परिपाकमा पुऱ्याएको छ । त्यसैले *रणदुल्लभ एकाङ्की* करुण रसप्रधान एकाङ्की हो ।

करुण रस प्रियजनको वियोग वा इष्टवस्तुको विनाशमा उत्पन्न हुने रस हो। पूर्वीय काव्य सिद्धान्तको सबैभन्दा महत्त्वपूर्ण सिद्धान्त मानिएको रससिद्धान्तका आधारमा विवेच्य एकाङ्कीमा प्रयुक्त करुण रसको खोजी गरिने क्रममा एकाङ्कीका विभिन्न साक्ष्यहरूलाई आधार मानी विभाव, अनुभाव र सञ्चारी भावजस्ता रससामग्रीका आधारमा एकाङ्कीमा करुण रस परिपाकमा पुगेको निष्कर्ष निकालिएको छ ।

## शोधविधि

प्रस्तुत लेख रस सिद्धान्तका आधारभूत तत्त्वका आधारमा 'रणदुल्लभ' एकाङ्कीको अध्ययन विश्लेषणमा आधारित छ । यसमा करुण रसलाई मुख्य वा अङ्गीरसका रूपमा विश्लेषण गरिएको छ । यस लेखको तयारीका क्रममा रस सिद्धान्तको सैद्धान्तिक आधारका लागि पुस्तकालयीय विधिबाट तथ्यहरूको सङ्कलन गरिएको छ। यसै गरी समद्वारा लिखित 'रणदुल्लभ' एकाङ्कीलाई प्राथमिक सामग्रीका रूपमा उपयोग गरिएको छ । यहाँ रससम्बन्धी प्रचलित सैद्धान्तिक अवधारणाका आधारमा एकाङ्कीमा प्रयुक्त रसहरूको विश्लेषण गरिएको हुनाले निगमन विधिमार्फत सामग्रीको विश्लेषण गरिएको छ । लेख प्रस्तुतीकरणका लागि वर्णनात्मक विधिको अवलम्बन गरिएको छ। रसको अध्ययन गर्दा रससामग्रीका आधारमा अङ्गीरसको टुङ्गो लगाइएको छ। तथ्यलाई एकाङ्कीमा रहेका साक्ष्यका आधारमा स्पष्ट पारिएको छ। रस विश्लेषणका क्रममा विभाव, अनुभाव, व्यभिचारी भाव र स्थायी भावजस्ता रस सामग्रीलाई आधार बनाइएको छ । सामग्रीको विश्लेषण गर्दा एकाङ्कीमा रहेको करुण रसलाई अङ्गी रसको रूपमा विश्लेषण गरिएको छ । बालकृष्ण समद्वारा लिखित 'रणदुल्लभ' एकाङ्कीमा प्रयुक्त करुण रसका आधारमा एकाङ्कीको सङ्क्षिप्त विश्लेषण गर्नु नै यस लेखको सीमा रहेको छ ।

## सैद्धान्तिक पर्याधार

रससिद्धान्त पूर्वीय साहित्य सिद्धान्तमा सबैभन्दा प्राचीन सिद्धान्त हो । 'रस्यते˜ सौ रसः' यस व्युत्पत्तिबाट बनेको रस शब्दको अर्थ हुन्छ- त्यो वस्तु, जसको आस्वादन गर्न सकिन्छ। यस शब्दको प्रयोग सुदूर प्राचीन कालदेखि हुँदै आएको छ (उपाध्याय, २०४९, पृ.२४८) । संस्कृत काव्यशास्त्रमा 'रस' धातुमा

'अच्' प्रत्यय लागेर (रस्+अ +अच्) रस शब्दको निर्माण भएको हो भनिएको छ जसको व्युत्पत्तिपरक अर्थ, जसबाट आस्वाद पाइन्छ, त्यसैलाई रस भनिन्छ । काव्यबाहेक अन्य शास्त्रहरूमा पनि रसलाई पदार्थको रस, भक्तिको रस, आयुर्वेदीय रस र साहित्यको रस भनी चार प्रकारका रस मानिएको छ । साहित्यिक रसका सन्दर्भमा भन्नुपर्दा प्रचलित पूर्वीय साहित्य सिद्धान्तका विभिन्न सिद्धान्तहरूमध्ये रसलाई महत्त्वपूर्ण साहित्यिक सिद्धान्त मानिन्छ । साहित्यिक रचनाविशेषबाट पाइने आनन्दानुभूति नै रस हो । उपनिषद्मा रस नै ब्रह्म या ब्रह्मानन्द हो भनिएको छ । रसको अर्थ सामान्य अर्थमा झोल वा तरल पदार्थ भन्ने बुझिए तापनि साहित्यमा रस भन्नाले वस्तुको आश्वादनपरक गुण वा वस्तुको सारतत्त्व हो (थापा, २०६६, पृ.२१७) । अर्थात् साहित्यमा रस भन्नाले साहित्यिक कृतिको पठन, श्रवण तथा दृश्यबाट पाठक वा दर्शकको हृदयमा उत्पन्न हुने आनन्दानुभूति भन्ने बुझिन्छ । जसभित्र रति, हाँसो, क्रोध, भय आदि जस्ता भाव उत्पन्न हुन्छन् र जसको आस्वादन जिभ्रोले होइन अर्न्तहृदयले गर्दछ । अर्थात् विभाव, अनुभाव र व्यभिचारी भावको संयोगद्वारा रस निष्पत्ति हुन्छ । जसरी विभिन्न प्रकारका सामग्रीले युक्त व्यञ्जन स्वादिलो हुन्छ त्यसैगरी विभिन्न भाव र अभिनयले युक्त साहित्य वा काव्य विभिन्न रसको आस्वादनीय हुन्छ ।

पूर्वीय साहित्य परम्परामा रससिद्धान्तको विवेचना सर्वप्रथम आचार्य भरतमुनिले नाट्यशास्त्रमा गरेका छन् । उनीपछि आचार्य जगन्नाथ, विश्वनाथ, अभिनव गुप्त, भट्टनायकलगायत थुप्रै पूर्वीय आचार्यहरूले यसलाई विकसित तुल्याएका छन् । रसलाई भावकका मनले आस्वादन गर्दछ भन्ने पूर्वीय साहित्यिक विद्वानहरूको धारणालाई नेपाली विद्वान्हरूले स्वीकार गर्दै आएका छन् । सर्वप्रथम शास्त्रीय प्रयोग गर्ने भरतमुनिले रसका सम्बन्धमा "विभावानुभावव्यभिचारीसंयोगाद्रसनिष्पत्तिः"(सिग्देल, २०५८, पृ.१२४) भनी परिभाषा गरेका छन् । यस सूत्रअनुसार विभाव, अनुभाव सञ्चारी भावद्वारा स्थायी भाव परिपाकमा पुगेपछि रसनिष्पत्ति हुने भएकाले यिनलाई रससामग्री भनिएको हो । यिनको यही सूत्रलाई रसविवेचनाको प्रमुख आधार मानिएको छ । यस लेखमा पनि यसै सन्दर्भमा रहेर साहित्यिका विभिन्न विधामध्ये 'रणदुल्लभ' एकाङ्की विधालाई यिनै रससामग्रीका आधारमा अध्ययन गरिएको छ । रससामग्रीहरू यस प्रकार छन् :

### विभाव

विभाव शब्दको अर्थ विशेष भाव हो । वाचिक, आङ्गिक र सात्विक (मानसिक) अभिनयका माध्यमले चित्तवृत्तिको ज्ञापन गराउने कारणलाई विभाव भनिन्छ । अर्को शब्दमा हृदयमा रहेको रति, शोकजस्ता स्थायी भावलाई जाग्रत् गराउने काम विभावद्वारा सम्पन्न हुन्छ । (थापा, २०६६, पृ. २१८) आलम्बन र उद्दीपन गरी विभाव दुई प्रकारका छन् ।

### आलम्बन

स्थायी भावलाई उद्दीपन गराउने कारणलाई आलम्बन विभाव भनिन्छ । यसले हृदयमा रहेका रति, शोक, उत्साहजस्ता स्थायी भावको जागृत गर्छ । जस्तै : एकान्त बास, जुनेली रात आदि । आलम्बन पनि विषयालम्बन र आश्रयालम्बन गरी दुई प्रकारका छन् । जसलाई लक्षित गरेर भाव अङ्कुरित हुन्छ त्यो विषयालम्बन र जुन व्यक्ति वा पात्रमा स्थायी भाव उत्पन्न हुन्छ त्यसलाई आश्रयालम्बन भनिन्छ । जस्तै : अनुकारक राम, लक्ष्मण आदि विषयालम्बन हुन् भने दर्शक वा पाठक आदि आश्रयालम्बन हुन् ।

APARA (Kathmandu) (Peer-reviewed Research Journal), Vol. 5, 2025 August ISSN NO. 2382-5138

## उद्दीपन विभाव

आलम्बन विभावले अङ्कुरित गराएको भावलाई बढाउने र मलजल गर्ने कारकलाई उद्दीपन विभाव भनिन्छ । (थापा, २०६६, पृ.२१८) रसलाई आश्वादनीय बनाउने कार्यमा उद्दीपन विभाव महत्त्वपूर्ण हुन्छ । अर्थात् काव्यमा नायकनायिका वा नरनारीको गुण वा क्रियाकलाप आदिबाट प्रभावित र मोहित भएर नै उद्दीपन विभाव हुनजान्छ ।

## अनुभाव

स्थायी भावको उदयपछि देखिने विभिन्न शारीरिक क्रियाप्रतिक्रियालाई नै अनुभाव भनिन्छ । भाव शब्दमा 'अनु' उपसर्ग लागेर अनुभाव बनेको हो । 'अनु'को अर्थ पछि भन्ने हो । यसबाट के बुझिन्छ भने विभाव पछि उत्पन्न हुने भाव विशेष भएकाले यसलाई अनुभाव भनिएको हो (थापा, २०६६, पृ.२१८) । अर्थात् कुनै व्यक्तिलाई हाँसो उठ्छ भने हाँसो उठ्नुको कारण चाहिँ विभाव हुन्छ । जस्तै : आँखामा लगाएको गाजल नाकको टुप्पासम्म पुगेको देखेर पेट मिचिमिची हाँस्नु, हाँस्दाहाँस्दै आँखाबाट आँसु झर्नु, लडीबुडी गर्नु आदि अनुभाव हुन् । अनुभावहरू पनि रसअनुसार विभिन्न प्रकारका छन् ।

## व्यभिचारी वा सञ्चारी भाव

'चारी' भनेको डुल्ने फिर्ने हो र सञ्चारी भनेको राम्रोसँग डुल्ने, फिर्ने र हिँड्ने हो । व्यभिचारी शब्द 'वि' 'अभि' र 'चारी' शब्दबाट बनेको हो । 'वि' को अर्थ विशेष रूपले भन्ने हुन्छ भने 'अभि' को अर्थ तिर, पट्टि र प्रति भन्ने हुन्छ । अतः व्यभिचारी भाव भन्नाले विभिन्न स्थायी भावतिर जाने वा व्यभिचार गर्ने भन्ने बुझिन्छ । त्यसैले यो एउटा ठाउँमा मात्र सीमित र केन्द्रित हुँदैन । स्थायी भाव चिरस्थायी हुन्छ भने सञ्चारी भाव क्षणिक हुन्छ । अतः स्थायी भावको सहयोगीका रूपमा देखिने अस्थिर भावलाई सञ्चारी भाव

भनिन्छ । रस परिपाकमा पुऱ्याउन सञ्चारी भावको महत्त्वपूर्ण भूमिका रहन्छ । सञ्चारी भाव तेत्तीस प्रकारको मानिएको छ ।

## स्थायी भाव

मानव मनमा स्थायी रूपले रहने भावलाई स्थायी भाव भनिन्छ । यस भावलाई विरोधी वा अविरोधी कुनै पनि भावले डगाउन र बिथोल्न मिल्दैन । यो भाव स्थायी तर अव्यक्त रहेको हुन्छ । संस्कृत साहित्यमा रस नौ प्रकारका छन् र स्थायी भाव पनि नौओटा नै रहेकाछन् । ती रति वा प्रेम, हाँसो, शोक, क्रोध, उत्साह, भय, जुगुप्सा, विस्मय र शम वा निर्वेद हुन् ।

## करुण रसको परिचय

इष्ट नाश, अनिष्ट प्राप्ति, आगोको दहन, देशनिकाला, शिकार, जुवा आदिका कारणबाट उत्पन्न शोकबाट करूण रसको उत्पत्ति हुन्छ । वियुक्त, विपदपग्रस्त वा मृत प्रियजन वा विनष्ट वस्तु यसका आलम्बन विभाव हुन् (उपाध्याय, २०६१, पृ.५९) । प्रिय व्यक्ति वा वस्तु र त्यसको गुणको स्मरण यसका उद्दीपन विभाव हुन् । दैवनिन्दा, गुहार माग्नु, भुइँमा पछारिनु, कपाल लुछ्नु क्रन्दन, उच्छ्वास, निश्वास,

अश्रुपात, प्रलाप, अनुहार, विवर्ण हुनु आदि अनुभाव हुन् । निर्वेद, ग्लानि, चित्ता, मोह, दैन्य, व्याधि, अपस्मार, आलस्य, वैवर्ण्य, स्वर भेदन आदि सञ्चारी भाव र शोक स्थायी भाव हुन् ।

रणदुल्लभ एकाङ्कीको अख्यान सन्दर्भ

बालकृष्ण समद्वारा लिखित ऐतिहासिक एकाङ्की नाटक 'रणदुल्लभ'को आख्यान सन्दर्भ हेर्दा यस एकाङ्कीको थालनी अखण्ड देश निर्माणमा कटिबद्ध शुरवीर रणदुल्लभको विजय उत्सवको प्रसङ्गबाट सुरु भएको छ । गोरखाको दरबारमा राजा पृथ्वीपति शाह, मिश्र गुरुज्यू र गौरेश्वर पन्त, दशौँ युवराज चन्द्ररूप, विराज थापालगायत सबैजना पञ्चेबाजाको धुनसहित आइरहेका पुरुषार्थी रणदुल्लभको स्वागतमा व्यग्र प्रतीक्षारत् छन् । रणदुल्लभ अतिशय गुणवान् छन् र उनकै नामबाट एकाङ्कीको नाम रहन गएको हुनाले उनी नै यस आख्यानमा प्रमुख नायक हुन् भन्ने कुरा राजा पृथ्वीपतिसमक्ष विराज थापाद्वारा व्यक्त गरिएको यस नाट्याशंबाट पुष्टि हुन्छ :

प्रभु, पृथ्वी हो, ठूला मानिस जन्मन
सक्छन् एक शताब्दीमा कहिले त दशै जना,
कैले दश शताब्दीमा एउटै रणदुल्लभ... (सम, २०४९, पृ.१४)

लमजुङले परम्परागत सन्धिको उल्लङ्घन गरी गोरखा राज्यको लिगलिगकोटलाई आफ्नो अधीनमा पारेपछि विभिन्न कुटनैतिक चालद्वारा गोरखाका माहिला युवराज रणदुल्लभले उक्त भूभाग लमजुङबाट फिर्ता लिएर बाजागाजासहित उत्सव मनाउँदै गोरखा दरबार फर्की आउने क्रमबाट एकाङ्कीको सुरुवात भएको
छ । दरबारमा सबैतिर विजय उत्सवको चहलपहल छ । सारा प्रजालगायत राजा, भारदार सबै हर्षित र प्रफुल्ल छन् । चौतर्फी भाइको जयजयकार भई सबैका प्रिय बनेको देखेर दाजु कुण्ठित छन् । जेठा अधिराजकुमार भएर पनि वीरभद्र सबैतिरबाट राजोचित गुणले कमजोर छन् भने भाइ रणदुल्लभ राजोचित गुणले भरिपूर्ण छन् । यस प्रकारका सामर्थ्य, बहादुरी, वीरता आदिको ईर्ष्याभावबाट जेठा कुण्ठित देखिन्छन् र गुप्तचरलाई दरबार, भारदार र भाइबीचको छिद्र खोज्नतिर लागाउँछन् । भ्रमलाई यथार्थका रूपमा लिई भाइप्रति दूरी बढाउँदै असन्तुष्टि पोख्दछन् । दुईबिच सवादात्मक द्वन्द्व हुन्छ । दाजु वीरभद्रले अनेक अत्तो थापेर भाइसँग असन्तुष्टि पोख्छन् । भाइले पनि दाजुको असन्तुष्टिले राज्यमा सङ्कट निम्त्याउने सम्भावना देखेपछि यो राज्य दाजुकै जिम्मा लगाई अन्त कतै अर्को राज्य निर्माण गरी बुवालाई सिंहासनमा राखी सेवा गर्ने चाहना राख्छन् । तर यसमा पनि दाजुको असन्तुष्टिको प्रतिर्ति क्रया देखेपछि भाइले देशको, दरबारको र जनताको सुख शान्तिका लागि आत्मबलिदान गर्ने सोचमा पुग्दछन् । अन्त्यमा अतिशय देशभक्त, अतिशय पितृभक्त र अतिशय भ्रातृभक्त भईकन नै नायक रणदुल्लभले आत्महत्या गर्छन् र कथानक टुङ्गिन्छ ।

रससामग्रीका आधारमा रणदुल्लभ एकाङ्कीको विश्लेषण

जातीय स्वाभिमान र आन्तरिक द्वन्द्वका कारण नायक रणदुल्लभको मृत्यु भएको हुनाले यस एकाङ्कीमा करुण रस परिपाकमा पुगेको छ । 'रणदुल्लभ' एकाङ्कीमा प्रमुख नायक रणदुल्लभको मृत्युले

पाठक वा दर्शकका मनमा शोक उत्पन्न गराएको हुँदा यसमा करुण रस परिपाकमा पुगी अङ्गी रसको रूपमा रहेको पुष्टि भएको छ ।

काव्यमा प्रयुक्त रसहरू मध्ये प्रमुख रसलाई अङ्गी रस भनिन्छ । रसका सम्बन्धमा पहिलो चर्चा गर्ने भरत मुनिका भनाइअनुसार काव्यमा जतिसुकै रस भए तापनि एउटा रसलाई अङ्गी रस बनाइनु नै पर्छ । यस सन्दर्भमा डा.नगेन्द्रको भनाइअनुसारः प्रबन्ध काव्यमा अभिव्यक्त विभिन्न प्रकारका रसहरू मध्ये जुन रस सिङ्गो कथावस्तुमा सर्वाधिक व्याप्त छ त्यही अङ्गी रस हो (नगेन्द्र, सन् १९६४, पृ. २८६) । यी दुवै विद्वानका मान्यताअनुरूप विश्लेषण गर्दा यस एकाङ्कीमा शूरवीर, देशभक्त नायक रणदुल्लभको मृत्यु देखाएर कथावस्तुमा करुण रसको व्यापकता प्रस्तुत भएको पाइन्छ, जसले गर्दा पाठक वा दर्शकका मनमा करुण रसको स्थायी भाव शोक उत्पन्न हुन्छ । अतः काव्यमा अङ्गी रस करुण रसको प्रधानता छ भन्ने कुरामा कुनै सन्देह रहँदैन । यस लेखमा रससामग्रीका आधारमा 'रणदुल्लभ' एकाङ्कीमा करुण रस परिपाकमा पुगेको कुराको पुष्टि भएको छ ।

## रणदुल्लभ एकाङ्कीमा विभाव

*रणदुल्लभ* एकाङ्कीमा प्रमुख नायक रणदुल्लभको मृत्युले पाठक वा दर्शकका मनमा शोक उत्पन्न गराएको हुँदा यसमा करुण रस नै अङ्गी रसको रूपमा रहेको बुझिन्छ । करुण रस शोक स्थायी भावबाट उत्पन्न हुन्छ । शापको क्लेशमा परेको प्रियजनको वियोग, विभव नाश, वध, बन्धन, विद्रव, उपघात, व्यसनसंयोग आदि विभावबाट यो रस उत्पन्न हुन्छ । अश्रुपात, विलाप, मुख सुक्नु, मुखको रङ्ग उड्नु, शरीर लत्रङ्ग पर्नु, लामो सास फेर्नु, आदि अनुभावद्वारा करुण रस उत्पन्न हुन्छ । निर्वेद, ग्लानि, चिन्ता, आवेग, भ्रम, भय, विषाद, दैन्य, व्याधि, जडता, अपस्मार, त्रास, आलस्य, मरण, वैवर्ण्य, स्वर भेद आदि करुण रसका व्यभिचारी भाव हुन् (भट्टराई, २०७७ दो.सं., पृ.१३९) । यस एकाङ्कीमा करुण रस परिपाकमा पुगेको कुरा एकाङ्कीमा प्रयुक्त घटनाहरूले पुष्टि गरेका छन् ।

## रणदुल्लभ एकाङ्कीमा आलम्बन विभाव

वाचिक, आङ्गिक र सात्विक अभिनयका माध्यमले चित्तवृत्तिको विभावन वा ज्ञापन गराउने कारणलाई विभाव भनिन्छ । विभाव पनि आलम्बन र उद्दीपन गरी दुई प्रकारका छन् । आलम्बन विभाव पनि विषय र आश्रय गरी दुई प्रकारका हुन्छन् । जुन पात्रका बारेमा वर्णन् गरिएको हुन्छ, त्यसलाई विषय र जुन पात्रले विषयको भावनाको अनुभाव गर्दछ त्यसलाई आश्रय आलम्बन भनिन्छ । यस एकाङ्कीमा करुण रस अङ्गी रस भएको हुनाले शोक स्थायीभाव पैदा गर्ने मुख्य कारक रणदुल्लभ र उनको पुरुषार्थ नै हो । त्यसैले रणदुल्लभ यस एकाङ्कीका विषय आलम्बन हुन् । त्यस्तै उनका स्वभाव र चरित्रका कारणबाट असर परी रणदुल्लभलाई आत्महत्या गर्न बाध्य पार्ने वीरभद्रका विषयले पनि वक्ता वा पाठकमा करुण रस उत्पन्न भएको हुँदा वीरभद्र पनि विषय आलम्बन हुन् । त्यस्तै वक्ता वा पाठकमा करुण रस उत्पन्न भएका कारण उनीहरू आश्रय आलम्बन हुन् । यस कुरालाई नाटकका निम्नलिखित उद्धहरणले पुष्टि गरेको छ :

त्यसैले म बिदा पाऊँ सन्देह मनमा नहोस्
आजै यो देश छोडेर जान्छु अन्त कतै....... (सम, २०४९, पृ.१८)

प्रस्तुत उद्धरणमा रणदुल्लभले आफू विजयी भएकामा दाजुका मनमा ईर्ष्याभाव जागृत भएको बुझी दाजुका मनमा रणदुल्लभ राजा भई वीरभद्रको अधिकार खोजिने हो कि भन्ने दाजुका मनको सन्देह हटाउन आफू देश छाडेर अन्यत्र जाने कुरा गरेका छन् । यसैबाट अनिष्टको सङ्केत मिली करुण रसको बीजारोपण भएको छ । अत: प्रस्तुत एकाङ्कीमा रणदुल्लभ मूल विषयका रूपमा रहेका हुनाले उनी विषय आलम्बन हुन् । त्यसै गरी रणदुल्लभमा आउन सक्ने अनिष्टको सङ्केतले वक्ता वा पाठकका मनमा शोक स्थायी भाव उत्पन्न भएका कारण उनीहरू आश्रय आलम्बन हुन् ।

रणदुल्लभ एकाङ्कीमा भाइको क्षमता देखेर युवराज वीरभद्रमा भाइप्रति शङ्काभाव उब्जन्छ । उनी भाइ रणदुल्लभलाई अनेकौं अभद्र र तुच्छ वचनवाणसमेत प्रहार गर्छन् जसको पुष्टि एकाङ्कीको यस अंशले गरेको छ :

ठूलो धर्म लुटिस् आफ्नो बाबुको निम्तिमा गरिस्

नरको बलि, गर्दैनस् पिताको निमित्तमा अब

पुत्रको बलि ? श्रीकाली उनका पशुपुत्रको (सम, २०४९, पृ. १४)

एकाङ्कीको उपरोक्त अंशले वीरभद्र शाहले रणदुल्लभलाई सहनै नसकिने आरोप लगाई उसलाई नैतिक रूपले कमजोर बनाएका छन् । असाध्यै देशभक्त, पितृभक्त र भ्राताभक्त रणदुल्लभलाई दाजुको यस्तो तुच्छ व्यवहारले आफ्नो पुरुषार्थमाथि नै वितृष्णाबोध हुन्छ । उनलाई पिताजीका निम्ति असम्भव ठानिएको लमजुङमाथि विजय प्राप्त गरी पिताको राष्ट्रिय विस्तार अभियानको धर्मरक्षा त गरिस् अब त्यसैका निम्ति उहाँको युवराजका गुणरहित जेष्ठपुत्रको बलि पनि दिन्छस् होला नि भनेर तुच्छ आरोप लगाएका कारण एकाङ्की दुर्घटनातर्फ जाँदैछ भन्ने अनुमान पाठकले सहजै लगाउन सक्छ । त्यसैले यस उद्धहरणमा रणदुल्लभ र वीरभद्रका विषयमा कुरा गरिएको छ । अत: यी दुई पात्रहरू विषय आलम्बन हुन् भने यसबाट वक्ता र पाठकमा शोक स्थायी भाव जागृत भएको हुँदा वक्ता र पाठक आश्रय आलम्बन हुन् ।

## रणदुल्लभ एकाङ्कीमा उद्दीपन विभाव

स्थायी भावलाई उद्दीप्त गर्ने वस्तु वा अवस्थाविशेषलाई उद्दीपन विभाव भनिन्छ । उद्दीपन विभाव पनि परकीय र स्वकीय गरी दुई प्रकारका छन् । यहाँ विजय उत्सव, पिताको भाइप्रतिको स्नेह, सारा प्रजा आदिको भक्ति पनि भाइप्रति नै भएको हुँदा वीरभद्रको असन्तुष्टि पराकाष्ठामा पुगेको छ । अत: भाइको गुणवान् चरित्र तथा जयजयकारले वीरभद्रमा रणदुल्लभप्रतिको ईर्ष्याभाव अझ उद्दीप्त भएको छ र उनी आफूभित्रको उद्दीप्त भावलाई यसरी व्यक्त गर्छन्-

कसलाई तिमी ताक्छौ आठकाट परेपछि ?

तिम्रो अगाडि जो पर्ला हैन ? (सम,२०४९, पृ. १४)

प्रस्तुत भनाइबाट रणदुल्लभमा शोक भाव जागृत हुन्छ र उनले अनेक तरहले दाजुको चित्त बुझाउन खोज्दा पनि नसकेपछि अत्यन्त ग्लानि भाव उत्पन्न हुन्छ । प्राण प्यारो देश छाडेर अन्त कतै गएर बस्ने इच्छा व्यक्त गर्दासमेत नभएर वीरभद्रको चित्त बुझाउन नसकेका रणदुल्लभलाई वीरभद्रले दुर्वाच्यपूर्ण वचन लगाउँदा उक्त दुर्वाच्यले उनी आत्महत्याको बाटो अपनाउँछन् । यसले वक्ता वा पाठकभित्रको

शोकभावलाई उद्दीप्त पार्छ । जसका कारण पाठकमा शोक भाव उत्पन्न हुन्छ । अत: यहाँ दाजु वीरभद्र र उनका असह्य वचन उद्दीपन विभाव हुन् जसले वक्ता वा पाठकमा भएको शोक भावलाई उद्दीप्त पारेका छन् ।

नमिचीकन यो फूल कसरी वास आउँछ !

तँ वास बस् ! सुवासैको निम्ति अस्तित्व मेटिदे !

पड्किरहेछ कानैमा - "तेरो अस्तित्व मेटिदे !" (सम, २०४९, पृ. १८)

प्रस्तुत एकाङ्कीमा पनि स्थायी भाव शोक उत्पन्न गराउनका लागि दाजु वीरभद्रले परा क्रमी भाइलाई अनेक कुराको अत्तो थाप्छन् । जति जे गरेर पनि रिझाउने प्रयास गर्दागर्दै पनि दाजु खुसी नभए पछि रणदुल्लभ आत्महत्या गरी आफ्नो अस्तित्व मेटाउन बाध्य बनाइन्छन् । अत: दाजुको ईर्ष्याभावले भाइ रणदुल्लभलाई आत्महत्या गर्ने परिस्थिति निर्माण भएकै कारणले वक्ता वा पाठकमा रहेको शोकभावलाई उद्दीप्त पारेको कुरा माथिका नाट्यांशले प्रष्ट पारेको छ ।

रणदुल्लभ एकाङ्कीमा अनुभाव

स्थायी भावको अनुभव गराउने रससामग्रीलाई अनुभाव भनिन्छ । यो जहिले पनि विभाव पछि आउँछ । अर्थात् कुनै कार्य हुनका लागि कारण चाहिन्छ । यदि कुनै व्यक्तिमा क्रोध उत्पन्न हुन्छ भने त्यसको क्रिया प्रतिक्रिया विभिन्न अनुभावका रूपमा देखिन्छन् जस्तै : आँखा तन्किनु, दाँत किट्नु, मुट्ठी पार्नु, दुर्वचन बोल्नु आदि । यस एकाङ्कीमा पनि स्थायी भाव शोक उत्पन्न गराउनका लागि दाजु वीरभद्रले परा क्रमी भाइलाई अनेक कुराको अत्तो थाप्छन् । जति जे गरेर पनि रिझाउने प्रयास गर्दा पनि दाजु खुसी नभए पछि आत्महत्या गर्न बाध्य बनाइन्छन् । अत: दाजुको ईर्ष्याभावले भाइ रणदुल्लभले मृत्यु वरण गर्नु परेको छ । यस अवस्थामा उनमा देखिएका शारीरिक क्रिया प्रतिक्रिया अनुभाव हुन् । वीरभद्रले रणदुल्लभद्वारा युद्धभूमिमा आठजनालाई मारेको कुरा सुनेपछि अब त्यसपछि कसलाई मार्छौ भन्दै राजगद्दीमा बस्न खोज्दा रणदुल्लभले बुबा जीवितै भएका अवस्थामा कसरी राजगद्दी ताक्नुहुन्छ भनी त्यसको प्रतिवाद गर्दा उत्पन्न प्रतिक्रिया वाचिक अनुभाव हो :

जीवितै भइबक्सन्छ बुबाज्यू,

कसरी त्यहाँ राज हुन्छ ?

हजूरलाई ठान्नेछु अपराधी त निश्चय । (सम, २०४९, पृ.१४)

रणदुल्लभको उपरोक्त भनाइमा युवराजमा हुनुपर्ने कुनै पनि गुण नभएका वीरभद्र शाह भाइको पराक्रमका कारण त्रसित भई बुबाले भाइलाई पो राजगद्दी सुम्पिनु हुन्छ कि भन्ने डरले भाइलाई तड्पाउन पृथ्वीपति शाह जीवित हुँदै राजगद्दी ताक्न पुग्छ । यस अवस्थाको प्रतिकार गर्दै यदि वीरभद्रले यस्तो हर्कत गरेमा आफूले उनलाई अपराधी ठानेर त्यो राज्य उनैलाई दानस्वरूप दिएर बुबाका निम्ति अर्कै राज्य खडा गरेर बुबालाई राज गराई उनीसँग आशीर्वाद मागेर गोरखाली राजालाई पत्र पठाउँछु भनेका छन् । उनको यो भनाइ अनुभाव हो ।

भाइको पराक्रम देखेर जलेका वीरभद्र शाहलाई रणदुल्लभ गोरखामै बसे पनि असन्तुष्ट हुने र उनले कतै गएर अर्को राज्य खडा गरे पनि उनलाई शान्ति नहुने अवस्था सिर्जना भएको देखेर दाजुको सन्तुष्टि र राज्यको हितका लागि आफू खुकुरीले सेरिएर मरेको भाव एकाङ्कीले यसरी व्यक्त गरेको छ :

(खुकुरी झिकेर)

उही नै खुकरी हो यो, बुबा, कम्मरमा थियो

हजूरको, अरू राजाहरूको प्रश्नको दिएँ

जब उत्तर मैले त्यै बेला हर्ष भईकन

बक्सिएको थियो, यही सारा समस्या हल गर्दछ

आज, ढोग दिएँ, आशीर्वाद यै बक्सियोस् जब

सेरिन्छु म, मलाई त्यो बेला आनन्द यै मिलोस् (सम, २०४९, पृ.२५)

उपरोक्त उद्धरणमा कसै गरे पनि दाजुको चित्त बुझाउँन नसकेका रणदुल्लभ दाजुको खुशीका निम्ति आफूले लडाइँमा शत्रु छप्क्याउन प्रयोग गरेको खुकुरी प्रयोग गरी राज्य कलह सदाका लागि अन्त्य गर्न आफू सेरिएर मर्छन् । यस अवस्थामा कायिक अनुभाव प्रकट भएको छ ।

## रणदुल्लभ एकाङ्कीमा सञ्चारी भाव

स्थायी भावको सहयोगीका रूपमा देखा पर्ने चञ्चल तथा अस्थिर भावलाई व्यभिचारी भाव भनिन्छ । यो चलायमान भई विभिन्न रूपमा परिवर्तन भइरहन्छ । तर पनि स्थायी भावकै समकक्षी बनी सँगै रहन्छ । यहाँ रणदुल्लभको जयजयकार हुँदा दाजु वीरभद्र भित्रभित्र क्रुद्ध छन् । उनमा ईर्ष्याभाव, जलन, डाहा र असहनशील प्रवृत्ति देखिन्छ । करुण रसको शोक स्थायी भावमा देखिने सञ्चारी भावका लक्षण असूया, अमर्षजस्ता भाव प्रकट भएको छ, जस्तै:

बलिले हर्ष मान्छिन् त हाम्रा पूज्य पिता पनि

मान्दैनन् ? अनि त मिल्छ बरदान तँलाई नै

आनन्दसित तेरो नै यो इन्द्रासनमा हक पुग्छ ? (सम, २०४९, पृ. १६)

उपर्युक्त भनाइबाट भाइको जयजयकारबाट दाजुमा हीनताबोध जागृत भई असन्तुष्टिका बज्रबाण हिर्काइएको छ । दाजुकै राज्य सीमा जोगाई देशका लागि प्राण बाजी लगाई गुमेको राज्य फिर्ता ल्याइदिँदा पनि आफूमाथि मिथ्या आरोप र शङ्का व्यक्त हुनु व्यभिचारी भाव हुन् । यसैका मलजलले एकाङ्कीमा नायकले मृत्यु वरण गर्नुपरेको छ ।

## रणदुल्लभ एकाङ्कीमा स्थायी भाव

विभाव, अनुभाव र सञ्चारी भावको संयोगद्वारा एउटा मूलभाव सञ्चारित हुन्छ, त्यसैलाई स्थायी भाव भनिन्छ । स्थायी भावलाई जागृत गराउने सञ्चारी भाव परिवर्तनशील रहन्छ जो सहकारीकै रूपमा रहन्छ । यहाँ पनि शोक स्थायी भावलाई सघाउन सञ्चारी भाव अहम् भूमिकामा छ । दाजुकै राज्य सीमा जोगाई देशका लागि प्राण बाजी लगाई गुमेको राज्य फिर्ता ल्याइदिँदा पनि आफूमाथि मिथ्या आरोप र शङ्का व्यक्त गरिएकोमा रणदुल्लभ चिन्तित र अवाक् बन्छन् । जीवनको आहुति दिएर पनि आफ्नो राज्य

सीमा विस्तारमा लागेको सुखद समाचारले पनि दाजुका मनमा खुसी दिन नसक्दा र आफ्नो उपस्थितिले नै दरबार र राज्यमा कालो बादल छाउने सम्भावना देख्छन् र अनिष्टको शङ्का गर्छन् । उनका मनमा चोट लाग्छ, आत्मा प्रलाप गर्छन्, शरीर शिथिल हुन्छ, अनुहार वैवर्ण्य हुन्छ, ग्लानि भाव उत्पन्न हुन्छ र विषाद, अपस्मार, अनिष्ट, निर्वेद आदि भाव पैदा हुन्छ । अनि मृत्युवरण पूर्व यसरी विदा माग्छन्-

आज, ढोग दिएँ, आशीर्वाद यै बक्सियोस् जब
सेरिन्छु म, मलाई त्यो बेला आनन्द यै मिलोस्
मिलेथ्यो जुन ढोकामा अँगालो मारिबक्सँदा ! (सम, २०४९, पृ. २५)

यसरी एक वीर सपुत, योद्धा, देशभक्त, पितृभक्त, भ्रातृभक्त रणदुल्लभको मृत्युले करुणाजनक स्थितिको चित्रण गर्दछ र पाठकमा करुण रसको शोक स्थायी भाव उत्पन्न भएको छ ।

## निष्कर्ष

'रणदुल्लभ' एकाङ्कीमा प्रमुख अङ्गी रसका रूपमा करुण रस प्रयोग भएको छ । यहाँ शोक भावलाई प्रकाशमा ल्याउनका लागि रणदुल्लभ माहिला युवराज भए तापनि उनमा राजोचित गुणले युक्त पुरुषार्थ दिई जेठा युवराजमा राजोचित गुणको अभाव देखाइएको छ । त्यसैले सर्वगुण सम्पन्न चारित्रिक विषेशताले भरिपूर्ण रणदुल्लभ यस एकाङ्कीको विषयालम्बन हुन् भने उसको राजोचित गुणको विशेषताको ईर्ष्या गर्ने वीरभद्र पनि विषयालम्बन नै हुन् । शोकभावलाई उद्दीप्त पार्ने रणदुल्लभको अतिशय देशभक्ति, अतिशय पितृभक्ति र अतिशय भ्रातृभक्ति, सहनशीलता, शूरुवीर आदि उद्दीपन विभाव हुन् । शोक भाव व्यक्त गर्नका लागि दुई भाइ बीचको संवाद, दाजुका लागि राज्य छोडेर जाने इच्छा व्यक्त हुनु, बुवालाई लिएर अन्तै कतै राज्य बसाउने इच्छा व्यक्त गर्नु जस्ता क्रियाकलापले शोक भावलाई परिपोषित गरेको छ । अर्थात् शोक भावलाई उत्कर्षमा पुऱ्याउनका लागि श्रद्धाभाव, भक्तिभाव, प्रेम भाव, वात्सल्यभावले महत्त्वपूर्ण भूमिका खेलेको छ । यस एकाङ्कीमा नायक रणदुल्लभको वीरता, सहनशीलता, त्याग र श्रद्धाभाव आदिले करुण रसको परिवेशलाई सहयोग पुऱ्याएको छ । खासगरी पात्र बीचका ि क्रयाकलाप र संवादले पाठकमा एकप्रकारको भय उत्पन्न गराएको छ र करुण रसको परिणामको सम्भावनाको सङ्केत गरेको छ । जेठा युवराजमा चाहिने राजोचित गुणहरू माहिला युवराजमा विद्यमान भइदिनाले पनि करुण रसका लागि पोषक तत्त्व बनिदिएको छ । यसरी दुई पुत्रमा देखिएको विपल्याँटो चरित्रका कारण राजा पृथ्वीपतिमा शङ्का उब्जनु स्वाभाविक देखिन्छ र शोक भावको सङ्केत गर्दछ । एकाङ्कीमा मुख्य नायक रणदुल्लभ सर्वगुण सम्पन्न भएर पनि मृत्यु वरण गर्नु पर्ने बाध्यात्मक परिस्थितिले पाठकका मनमा करुणा जागृत भएको छ । अतः सत्पात्रको मृत्युले नै शोक भाव उत्पन्न भई करुण रस अङ्गी रस हुन गएको हो । घर, परिवार, दरबार र सिङ्गो राज्यको सुख शान्ति र सुदृढीकरणका लागि प्राण आहुति गर्ने रणदुल्लभले गर्नु परेको आत्महत्याले पाठकहृदय द्रवीभूत हुन्छ र करुण रसको स्थायी भाव शोक उत्पन्न हुन्छ । त्यसैले यस एकाङ्कीमा करुण रसकै केन्द्रियतामा अन्य भावहरू जागृत भए तापनि शोक भावले करुण रसलाई परिपाकमा पुऱ्याएको छ र 'रणदुल्लभ' एकाङ्की करुण रसप्रधान एकाङ्की बनेको छ ।

## सन्दर्भ सामग्रीसूची

उपाध्याय, केशवप्रसाद (२०४९), *साहित्य प्रकाश* (पाँचौं सं.), काठमाडौं : साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०५५), *पूर्वीय साहित्य-सिद्धान्त* (तेस्रो.सं.), काठमाडौं: साझा प्रकाशन ।

थापा, मोहन हिमांशु (२०६६), *साहित्य परिचय* (पाँचौं सं.), ललितपुर : साझा प्रकाशन ।

नगेन्द्र (सन् १९६४), *रस सिद्धान्त,* दिल्ली : नेसनल पब्लिसिङ हाउस ।

भट्टराई, गोविन्दप्रसाद (२०७७), *भरतमुनिको नाट्यशास्त्र* (दोस्रो.सं.) अनु., काठमाडौं : नेपाल प्रज्ञाप्रतिष्ठान ।

सम, बालकृष्ण (२०४९), नेपाली एकाङ्की भाग ३ (दोस्रो.सं.), ललितपुर : साझा प्रकाशन ।

सिग्देल, सोमनाथ शर्मा (२०५८), *साहित्य-प्रदीप,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।